# उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०७६/०७७
चलानी नं : १२६८

मिति:२०७७/०३/०५

**विषय: वैकल्पिक प्रणालीबाट कक्षा संचालन हुने सम्बन्धी जरुरी सूचना ।**

श्री प्र.अ ज्यूहरु (सबै सामुदायिक विद्यायहरु)
उमाकुण्ड गाउँपालिका, रामेछाप ।

प्रस्तुत विषयमा कोरोना भाइरस (covid -19) सङ्क्रमणको विशेष परिस्थितिका कारण नियमित रुपमा विद्यालयमा पठनपाठन हुन नसकिरहेको अवस्थामा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको प.स. २०७६।०७७ च.नं ४२९ मिति २०७७।०२।२० को पत्र र सो पत्र साथ प्राप्त वैकल्पिक प्रणलीबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्ने सम्बन्धी निर्देशिक २०७७ बमोजिम उमाकुण्ड गाउँपालिकाले मिति २०७७ असार १ गतेदेखि रेडियो कैरन ९६.४ मेगाहर्जबाट कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुका लागि कक्षा ९ र १० लाई विहान १० बजे देखि १२ बजे सम्म र कक्षा ६,७, र ८ लाई दिउँसो २ बजे देखि ४ बजे सम्म तथा सोही कार्यक्रम रेडियो लिखु ९१.३ मेगाहर्जबाट भोलीपल्ट विहान कक्षा ९ र १० लाई ८ बजे देखि १० बजे सम्म र कक्षा ६,७, र ८ लाई साँझ ६ बजे देखि ८ बजे सम्म रेडियो मार्फत कक्षा संचालन हुने भएकोले विद्यालयका प्र.अ. तथा शिक्षकहरुलाई तपशिल अनुसारको सहजीकरण गर्नु गराउनु हुन जानकारी गराइन्छ ।

**तपशिल:**

१. विद्यालयका प्र.अ.हरुले विषय शिक्षकलाई सम्पर्क गरी आफ्नो क्षेत्रमा रहेका विद्यार्थीहरुलाई रेडियोबाट कक्षा संचालन भइरहेको सम्बन्धमा जानकारी गराई विद्यार्थीहरुलाई उत्प्रेरण गर्न सूचित गर्ने ।
२. रेडियोबाट कक्षा संचालन भइरहेको अवधिकमा विद्यार्थीहरुले यसबाट के कस्ता लाभ लिइरहेका छन् भन्ने बारेमा विद्यालयका प्र.अ.ले विषय शिक्षकलाई जानकारी लिन लगाई आवश्यक प्रतिक्रिया लिने ।
३) विषय शिक्षकहरुले आफनो स्थानीय क्षेत्रमा रहेका विद्यार्थीहरुलाई रेडियो कक्षाको उपयोगिता र महत्वका बारेमा अवगत गराई रेडियो कक्षा नियमित लिनका लागि उत्प्रेरित गर्ने ।
४) रेडियो कक्षामा विषय शिक्षकहरुद्धारा दिइएका गृहकार्यहरु नियमितरुपले गरे नगरेको बारे आफ्नो क्षेत्र अन्तर्गत रहेका विद्यार्थीहरुलाई विषय शिक्षकहरुले निगरानी गर्ने गराउने ।
५) रेडियो कक्षा लिने विद्यार्थीहरुका अभिभावकहरुलाई समेत विषय शिक्षकले सु-सूचित गराई विद्यार्थीहरुलाई आवश्यक सहजीकरण गर्न अभिभावकहरुलाई उत्प्रेरित गराउने ।

ईश्वरी प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

नोट: यो रेडियो कक्षा कार्यक्रम www.radiokairan.com बाट अनलाइन सुन्न र Numberkhabar Online TV को Youtube पोर्टलबाट डाउनलोड गरी पनि सुन्न सकिनेछ। साथै यस कार्यक्रम प्रति कुनै प्रतिक्रिया वा जिज्ञासा भए उमाकुण्ड गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको कर्मचारी डावा शेर्पा मो.नं ९७४४०५९३१० र कैरन एफ.एम ९६.४ मेघाहर्जको फोन नं ०४८६२०१०३ वा ९८६२३७७३१० मा प्रतिक्रिया दिनुहुन अनुरोध छ ।

# उमाकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रिती, रामेछाप

बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०७६/०७७

चलानी नं :

मिति:२०७७/०३/०५

**विषय: वैकल्पिक प्रणालीबाट कक्षा संचालन हुने कक्षा तालिका सम्बन्धमा ।**

श्री प्र.अ ज्यूहरु (सबै सामुदायिक विद्यायहरु)
उमाकुण्ड गाउँपालिका, रामेछाप ।

प्रस्तुत विषयमा वैकल्पिक प्रणालीबाट कक्षा संचालन हुने कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुका लागि कक्षा तालिका तपशिल बमोजिम भएको व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराईन्छ । साथै विद्यार्थीहरुलाई सो कार्यक्रममा शिक्षण सिकाइ सम्बन्धी दुविधा भएमा तल उल्लेखित विषय शिक्षकलाई सम्पर्क गरी समाधान लिन सकिनेछ ।

**तपशिल:**

**कक्षा ९ र १० को कक्षा तालिका: रेडियो कैरन ९६.४ मेगहर्जाबाट**

| क्र.स. | विषय शिक्षकको नाम, थर | विषय | समय | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | बाबुराम ढकाल | गणित | १०:०० देखि१०:४० | ९८४१०५४३२७ |
| २ | आकास सुनुवार | विज्ञान | १०:४० देखि ११:२० | ९८१२०१६१६८ |
| ३ | निर्मल प्रसाद त्रिपाठी | अंग्रेजी | ११:२० देखि १२:०० | ९८५४०४००१२ |

**कक्षा ६,७,८ को कक्षा तालिका: रेडियो कैरन ९६.४ मेगहर्जाबाट**

| क्र.स. | विषय शिक्षकको नाम, थर | विषय | समय | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | रुद्र जेस्पुचा | गणित | २:०० देखि २:४० | ९८४१४४३४९५ |
| २ | आकास सुनुवार | विज्ञान | २:४० देखि ३:२० | ९८१२०१६१६८ |
| ३ | कमान सिं तामाङ | अंग्रेजी | ३:२० देखि ४:०० | ९८४११३३८६३ |

**कक्षा ९ र १० को कक्षा तालिका: रेडियो लिखु ९१.३ मेगहर्जाबाट**

| क्र.स. | विषय शिक्षकको नाम, थर | विषय | समय | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाबुराम ढकाल | गणित | ८:०० देखि ८:४० | ९८४१०५४३२७ | रेडियो कैरन बाट प्रशारण भएको कक्षा भोलीपल्ट मात्र रेडियो लिखु बाट प्रशारण हुनेछ |
| २ | आकास सुनुवार | विज्ञान | ८:४० देखि ९:२० | ९८१२०१६१६८ | |
| ३ | निर्मल प्रसाद त्रिपाठी | अंग्रेजी | ९:२० देखि १०:०० | ९८५४०४००१२ | |

**कक्षा ६,७,८ को कक्षा तालिका: रेडियो लिखु ९१.३ मेगहर्जाबाट**

| क्र.स. | विषय शिक्षकको नाम, थर | विषय | समय | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १ | रुद्र जेस्पुचा | गणित | ६:०० देखि ६:४० | ९८४१४४३४९५ | रेडियो कैरन बाट प्रशारण भएको कक्षा भोलीपल्ट मात्र रेडियो लिखु बाट प्रशारण हुनेछ |
| २ | आकास सुनुवार | विज्ञान | ६:४० देखि ७:२० | ९८१२०१६१६८ | |
| ३ | कमान सिं तामाङ | अंग्रेजी | ७:२० देखि ८:०० | ९८४११३३८६३ | |

ईश्वरी प्रसाद सुवेदी
प्रमुख प्रशासकिय अधिकृत